## २०७५ कार्तिक २५ गते को गाउँकार्यपालिकाको बैठक को निर्णय

**प्रस्ताव नं १ स्वीकृत योजना कार्यन्वयन सम्बन्धमा ।**

प्रस्ताव १ माथी छलफल गर्दा यस गाउँपालिकाको तेस्रो गाउँ सभाबाट स्वीकृत १० लाख भन्दा माथीका मोटर बाटो टेण्डर तथा EBIDDING मार्फत तत्काल संचालन गर्ने र वडा नै ३मा रहेको झार्लाङ्दी डुमिडाडाँ बसन्त कोट्लेभङ्ग्याङ सडकको रु ३५०००००।- पैतिस लाख मोटर बाटोमा नगद ५प्रतिशत र जनश्रमदान १५ प्रतिशत जुटेमा उपभोक्ता समितिबाट संचालन गर्ने अन्यथा टेण्डरबाट कार्य संचालन गर्ने सर्बसहमत निर्णय गरियो ।

**प्रस्ताब नं २ दशैंको बाटो सफा गरेको भुक्तानी सम्बन्धमा**

प्रस्ताव २ माथी छलफल गर्दा यस गाउँपालिकाले मिति २०७५/०५/२५ गतेको निर्णय अनुसार नेपालीहरुको महान चाड बडा दशैं र दिपावलीलाई लक्षीत गरि वर्षादमा विग्रिएका ग्रामिण मोटर बाटो मर्मत गरि यातायात सुचारु गर्न कोटेशन मार्फत वडा अध्यक्षको निगरानीमा तपशिलमा उल्लेखित मोटर बाटो मर्मत गरेकोले मर्मत गर्दा लागेको रकम रु ४८ ,००,००० भुक्तानी दिने निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. वडा नं १ मोटरबाटो मर्मत रु ४,१८,०००।-

२. वडा नं २ मोटरबाटो मर्मत रु ३,८४,०००।-

३.मैदान कमलबारी ठांटी सडक मर्मत रु ३,००,०००।-

४. मैदान झार्लाङ्दी सडक मर्मत रु ३,२०,०००।-

५. वडा नं ४ वुङचुङ आरुवास भेडाबारी मैदान सडक रु ३,२०,०००।-

६. वडा नं ४ गौंथले आरुवास तल्लो भेडाबारी सडक २,४७,०००।-

७. वडा नं ४ वेनिदोभान सडक रु ८०,०००।-

८. वडा नं ५ वुङचुङ वाघभैरुङ चेपे सडक रु ४,२८,०००।-

९. वडा नं ५ कुम्पुर कालीदह माविखोला काम्राङ सडक रु ५,००,०००।-

१०. वडा नं ६ परेवाटार कुम्पुर सडक रु ३,००,०००।-

११. वडा नं ६ परेवाटार माझिटार कालीका सडक रु २,७३,०००।-

१२. वडा नं ७ का१३नं बाहेक सबै ग्रामिण सडक मर्मत रु ९६६०३२।-

१३.चामडांडा विजुली खोला चुवाखर्क रिवन चामडांडा सडक मर्मत रु २६३९६८।-

**प्रस्ताव नं ३ ढुङ्गा वालुवा गिट्टिको  ठेक्का सम्झौता सम्बन्धमा ।**

प्रस्ताव ३ माथी छलफल गर्दा यस गाउँपालिकाले सबैभन्दा कम अंक कवोल गर्ने ओम शंकर सप्लायर्स सिद्धलेक ६ धादिङलाई ढुङ्गा वालुवा गिट्टि को विक्री तथा निवासी संकलन कर स्वीकृती गरेकोमा उक्त कन्ट्रक्सनले सम्झौता गर्न आउने आसयको सुचना र कार्यालयले सम्झौताको लागि पत्राचार गरी सम्झौता गर्न आउदा कबोल अंकको ३३ प्रतिशत तत्काल जम्मा गर्न नसक्ने र १५ प्रतिशत रकम जम्मा गरेको र वांकि रकम जम्मा गर्नको लागि कार्तिक २५ गते सम्मको समय मागको निवेदन दिएकोमा मिति २०७५/०६/२५ गते को कार्यपालीकाको निर्णयले म्याद थप गरेको र मिति २०७५ /०७ /२५ गते पुन मंसिर १५ गते सम्मको म्यद थप गर्ने  सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं ४ वुङ्चुङ सामुदायीक स्वास्थ्य इकाई स्थापना सम्बन्धमा ।**

प्रस्ताव ४ माथी छलफल गर्दा वुङ्चुङ मा सामुदायीक स्वास्थ्य इकाई गठनको लागि शशर्त अनुदान तर्फको रु ५ लाख बाट १/१ जना अहेव/अनमी विज्ञापन गरि स्वास्थ्य इकाई संचालनमा ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं ५ कालीदेवि आ. वि. कम्पाउण्ड वाल सम्वन्धमा ।**

प्रस्ताव ५ माथी छलफल गर्दा कालीदेवि आ . वि. को कम्पाउण्ड वाल निर्माणको लागि लागत स्टमेट अनुसार रु ३  ,५०,००० विनियोजन गरि कोटेशन पत्र बाट काम संचालन गर्ने गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं ६ ढुङ्गा वालुवा गिटीको रकम सम्बन्धमा ।**

प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गाउँपालिकाले आ व ०७५/०७६ को आन्तरिक आय तर्फ ढुङ्गा वालुवा गिटिको  कर विल अनुसार प्रदेश सरकारलाई ४० प्रतिशत रकम भुक्तानी पठाउने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं ७ कृषि कार्यक्रम अन्तर्गत थ्रेसर मेसिन सम्बन्धमा ।**

प्रस्ताव नं ७ माथी छलफल गर्दा अनुदान तर्फ मल्टी कर्प थ्रेसर खरिद तर्फ विनियोजित रकम रु ३१५०००।- मा कृषकहरुको २५ प्रतिशत लागत सझेदारीमा थ्रेसर मेसिन खरिद गरि कार्य पालिकाको निर्णय बमोजिम कृषकहरु लाई वितरण गर्ने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं ८ आधामारा सडक ग्राभेल सम्बन्धमा ।**

प्रस्ताव ८ माथी छलफल गर्दा वडा नं ४ मा रहेको आधामारा आरुवासटार सडकमा ग्राभेल गर्दा लागेको रकम रु २००००।- पुँजिगत तर्फको भैपरि शिर्षकबाट विनियोजन गरि भुक्तानी दिने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं ९ अनुमती सम्बन्धमा ।**
प्रस्ताव नं ९ माथी छफल गर्दा यस गाउँपालिका वडा नं ६र ७ को परेवाटार आदमटार सडक अन्तर्गत पाङ्ग्रेमा रहेको चट्टान कटान गरी मोटर वाछो चौडा गर्दा निस्किएको कच्चा पदार्थ ढुङ्गा वालुवा गिट्टी माटोको निकासी घाटगटि कर बाहेक प्रति ट्र्याक्टर ५००।- का दरले कर लिई बाटो चौडा  गर्न अनुमती दिने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं १० पशु सेवा विभागबाट काज सम्बन्धमा ।**
प्रस्ताव नं १० माथी छलफल गर्दा पशुसेवा विभागबाट यस अघिनै पशु स्वास्थ्य प्राविधिक घुरण मण्डललाई काज खटाईएकोमा निजले ०७५ कार्तिक महिना सम्मको तलव भत्ता भुक्तानी भएकोले निजको काज फिर्ता नगर्दा पशुसेवा विभागमा अनुरोध गर्ने र निजको स्थानमा पशु स्वास्थ्य प्राविधिक पुण्यवती खकुराल लाई मिति २०७५/०६/२६ को निर्णय अनुसार काज खटाईएकोमा घुरण मण्डललाई नै कायम गरि पुण्ड्यवती खकुराललाई फिर्ता पठाउने सर्वसहमत निर्णय गरियो।

**प्रस्ताव नं ११ गाउं शिक्षा समितिको निर्णय सम्बन्धमा ।**
प्रस्ताव नं ११ माथी छलफल गर्दा यस गाउंपालिकाको मिति २०७५ /०७/१५ गते बसेको गाउं शिक्षासमितिको वैठकको निर्णय हुबहु अनुमोदन गर्ने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं १२ कानुनी सहजकर्ता सम्बन्धमा ।**
प्रस्ताव नं १२ माथी छलफल गर्दा जिल्ला समन्वय समितिको मिति २०७५/०७/१३ को सिफारिसका उमेद्वार रामचन्द्र अधिकारी लाई कानुनी सहजकर्ताको रुपमा करार सम्झौता गर्ने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताब नं. १३ थप सुविधा सम्वन्धमा ।**
प्रस्ताव नं. १३ माथी छलफल गर्दा गा.पा. अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरुलाई सेवा सुविधा प्रदेश सरकारले दिने निर्णय अनुसार सेवा सुविधाले मात्र दैनिक सेवा दिन पटक पटक

काठमाडौ, पोखरा , हेटौडा जाँदा देनिक भ्रमण भत्ता उपलव्ध गराउदा वढी रकम भुक्तानी गर्नुपर्ने र वडाँ भेला , योजना अनुगमन , उपभोक्ता समिति गठन गर्दा इन्धन , संचारमा वढी भुक्तानी गर्दा गा.पा.को वजेट बढी खर्च हुने भएकोले गा.पा. अध्यक्ष , उपाध्यक्ष , वडा अध्यक्षहरुलाई मिति २०७५/४/१ देखी मासीक रु १०,०००।- दरले थप सुविधा दिने । ड्राईभर हरि कुमार श्रेष्ठलाई पटक पटक जिल्ला वाहिर जानु पर्ने भै खाना तथा बास खर्च भुक्तानी गर्दा गा.पा.को खर्च बढी हुने भएकोले मिति २०७५/७/१ देखी भ्रमण आदेश बिलको भुक्तानी नगरी एकमुस्ठ मासिक रु १०,०००।- थप सुबिधा दिने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ माझिटार पशुपती मन्दिर सम्वन्धमा ।**

प्रस्ताव नं. १४ माथी छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ स्थित माझिटारको पशुपती मन्दिरमा शिवरात्रीको दिन वत्ती वाल्ने भक्तजनहरुको भिडभाड हुने भएको र उक्त भक्तजनहरुलाई रातको समयमा वस्नको लागी लागत साझेदारीमा ट्रस निर्माण गर्न रु २०००००।- विनियोजन गर्ने निर्णय गरियो ।